# पनौती नगरपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :११ मिति : २०७७/०९/२३

भाग-२

# पनौती नगरपालिकाको

## कोशेली घर स्थापना तथा संचालन कार्यविधि २०७७

**प्रस्तावना :** पनौती नगरपालिकाको क्षेत्र भित्र उत्पादित कृषि एवं गैहृकृषि (सीपमा आधारित) जन्य सामाग्रीहरुको व्यवसायीकरण गर्न, कृषि व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न कृषि व्यवसायको उत्पादन बढाउन र बजारीकरणमा कृषकहरुलाई सहयोग गर्दै समाजमा बढदै गइरहेको कृषि बिचौलीयालाई बिस्थापित गरी कृषकलाई उत्पादनको उचित मुल्य प्रदान गर्दै कृषि व्यवसायमा सकृय सहभागीताका लागि पनौती नगरपालिकाको मिति २०७७/०९/२१ यो कार्यपालिका बैठकले प्रशासकीय कार्यविधि (नियमित गर्ने)

ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो कोशेली घर स्थापना तथा संचालन कार्यविधि स्वीकृत गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "**कोशेली घर स्थापना तथा संचालन कार्यविधि २०७७**" रहेको छ ।

(२) यो कार्यविधि पनौती नगरपालिका नगरकार्यपालिकोबाट स्वीकृत भई राजपत्रमा प्रकाशित मिति देखि लागु हुने छ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यालय" भन्नाले पनौती नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

ख) " कोष" भन्नाले कोशेली घर स्थापना तथा संचालन कोषलाई सम्झनु पर्दछ ।

ग) "उत्पादक" भन्नाले कृषि बस्तु वा सीपमा आधारित गैहृकृषि बस्तु उत्पादन गर्ने कृषक, कृषि समुह, कृषि फर्म, समुह, TLO वा सहकारी संस्थाको उत्पादन सम्झनु पर्दछ ।

घ) "संचालक समिति" भन्नाले नियम ३ बमोजिम गठित कोशेली घर संचालक समिति सम्झनु पर्दछ ।

ङ) "कृषक" भन्नाले यस कार्यविधि अनुसार कसैको जग्गा भाडामा लिई वा आफ्नै जग्गामा व्यवसायिक वा थोरै कृषि खेती गर्ने कृषक, कृषि समुह, कृषि फर्म वा सहकारी संस्थाको उत्पादन सम्झनु पर्दछ ।

च) "कृषि वस्तु" भन्नाले कृषकले कुनै बोट बिरुवा वा जीवजन्तुबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्दछ ।

छ) "खुद्रा बजार" भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्रि गर्ने खुद्रा बजारलाई सम्झनु पर्दछ ।

ज) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्रि बितरण गर्ने थोक बजारलाई सम्झनु पर्दछ ।

झ) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्रि गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्रि गर्ने संकलन केन्द्रलाई सम्झनु पर्दछ ।

**३. संकलन केन्द्र व्यवस्थापन समिति :** देहायका सदस्यहरु रहने गरि संकलन केन्द्र व्यवस्थापन समिति गठन गरिनेछ ।

| | |
|---|---|
| १) उप-प्रमुख | संयोजक |
| २) कृषि संयोजक | सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४) स्थानीय सहकारी रजिष्टार | सदस्य |
| ५) नगरपालिका स्तरिय खाद्य सुरक्षा समितिको संयोजक | सदस्य |
| ६) संकलन केन्द्र वा कृषि विषय विज्ञ | सदस्य |
| ७) समितिले मनोनयन गरेको व्यवसायिक किसान १ जना | सदस्य |
| ८) कृषि शाखा प्रमुख | सदस्य |
| ९) महिला शाखा प्रमुख | सदस्य सचिव |

**४. समितिको काम, कर्तव्य र अधिकार :** समितिका सदस्यहरुको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहनेछ ।

१. स्थानीय स्तरमा संचालित संकलन केन्द्र व्यवस्थापन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने ।

२. संकलन केन्द्र प्रवर्द्धनका लागि संघ र प्रदेशसंग समन्वय र सहकार्य गर्ने

३. संकलन केन्द्र संचालनमा सहयोग प्रदान गर्ने ।

४. कृषि उत्पादनका लागि आवश्यक पर्ने ज्ञान ,सीप ,प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थापन गर्न सहयोग प्रदान गर्ने ।

५. कोशेली घर संचालनका लागि रकम व्यवस्थापनमा पहल गर्ने ।

६. कृषि उपज आवश्यकता अनुसार सामाग्रीको मुल्य निर्धारण गर्न कोशेली घर संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

७. संकलित उपज बिक्री बितरणका लागि समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

**५. कोषको स्थापना :**

(१) कोशेली घर संचालनका लागि एक कोषको स्थापना हुनेछ ।

(२) कोषमा देहाय वमोजिमका रकमहरु रहने छन् ।

क) पनौती नगरपालिकाबाट प्राप्त रकम ।

ख) संघीय, प्रादेशिक सरकार, बिदेशी वा स्वदेशी व्यक्ति, अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम । तर बैदेशिक सहयोग या सहायता प्राप्त गर्नुपूर्व नेपाल सरकारको स्वीकृती लिनुपर्नेछ ।

ग) साझेदारी कार्यक्रम संचालन गर्ने संघ ,संस्थाबाट प्राप्त रकम ।

घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

**६. कोष संचालन :** नगरकार्यपालिका कार्यालयले कोशेली घर संचालनका लागि छुट्याएको रकम देहायको शिर्षकमा मात्र खर्च गर्न सक्नेछ ।

१. कृषि उपज वस्तु खरिद बिक्रीका लागि ।

२. संकलन केन्द्र व्यवस्थापनका लागि ।

३. संकलन केन्द्र घरको भाडा वापत ।

४. अन्य आवश्यक सामाग्री खरिदका लागि ।

**७. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

(१) कोषको रकम नियम ६ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपनियम १ मा जुनसुकै कुरा लेखिएको भएता पनि संचालक समितिको बैठक संचालन गर्न लाग्ने खर्चको लागि कोषको रकममा दायित्व सृजना नहुने गरि बजेट व्यवस्था गर्न बाधा पर्ने छैन ।

**८. कोषको लेखा र लेखा परिक्षण :**

(१) कोशेली घर संचालन कोष रकमको आय व्यय लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परिक्षण महालेखा परिक्षकबाट हुनेछ ।

**९. कोष :** यो कोषलाई निरन्तरताका लागि पहल गर्नु पर्दछ ।

**१०. प्रतिवेदन पेश गर्ने :**

(१) कोशेली घरबाट गरिएका गतिविधिहरुको चौमासिक रुपमा सो संस्थाले प्रतिवेदन पनौती नगरपालिका र महिला शाखामा बुझाउनु पर्नेछ ।

(२) कार्यालयले वार्षिक रुपमा प्रतिवेदन सर्वजनिक गर्नु पर्नेछ ।

**११. बैठक भत्ता :**समितिको बैठकमा सहभागी भए वापत नियमानुसार बैठक भत्ताको सुविधा उपलब्ध हुनेछ ।

**१२. निर्देशन दिन सक्ने :** कार्यपालिकाले कोशेली घर संचालन गर्ने संस्थाले गरेको काम कारवाहीको सम्बन्धमा उक्त समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

**१३. विविध :** कोशेली घर संचालन गरि कृषकहरुलाई प्रोत्साहित गर्न सकिने खालका कार्यक्रम संचालन गर्दै आयआर्जनमा आत्मनिर्भर र व्यवसायीक समुह बनाउन थप हौसला प्रदान गर्नु पर्दछ ।

**१४. बाधा अड्काउ फुकाउ** : यो कार्यविधिमा आवश्इक थपघट, हेरफेर गर्नु परेमा नगरकार्यपलिकाको निर्णय बमोजिम हुनेछ ।

**१५. खारेजी र बचाउ :** यो कार्यविधिमा लेखिएको कुराहरुको हकमा यसै वमोजिम र अन्य कुराको हकमा प्रचलित ऐन कानुन वमोजिम हुनेछ ।

**आज्ञाले**

**प्रमाणीकरण मिति : २०७७/०९/२२**

**रामप्रसाद वाग्ले**

**प्रमुख प्रशासकीय अधिकृत**

*सर्वाधिकार : पनौती नगरपालिका* *मुद्रित : ३०० प्रति* *मुद्रण : न्यू पनौती प्रिन्टिङ प्रेस*

पनौती नगरपालिका, २०७३